वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र.संख्याः ०८०/०८१
चलानी .नं. 3333

मितिः २०८०/०८/५

सूचना ! सूचना ! सूचना !

## सीर्सीया नदी प्रदुषण नियन्त्रण सम्बन्धमा सूचना

सीर्सीया नदी प्रदुषण नियन्त्रणका लागि वीरगंज महानगरपालिकाले नियमित रुपमा स्थलगत अनुगमन, नियन्त्रण र जरिवाना समेत गरेको व्यहोरा सर्वविधितै छ। नेपालीहरुको महान चाड छठ पर्व सम्म सीर्सीया नदीको कोरीडोरमा रहेका उद्योगहरुले ढल प्रदुषण कम गर्न वैकल्पिक विधीहरु सुरु गर्नुका साथै उद्योगहरु बन्द गरेर सीर्सीया नदी प्रदुषण कम गरि यस महानगरपालिका लाई सहयोग गरेको प्रति धन्यवाद ज्ञापन गर्दछौं। सीर्सीया नदी वीरगंज-पथलैया एवं मित्र राष्ट्र भारतको रक्सौलबासिहरुको दैनिकिसंग प्रत्यक्ष जोडिएको छ। त्यसकारण चाड पर्वहरुमा मात्र नभएर अनवरत रुपमा बग्ने सीर्सीया नदी स्वच्छ राख्न आजको मिति देखि ढल प्रशोधन नगरी सिधै सीर्सीया नदीमा मिसाइएको पाइएमा यस वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण गर्न बनेको ऐन २०७७ को परिच्छेद-६ अन्तर्गत दफा ३७ को उपदफा (३) र (४) बमोजिम कडा कार्वाही गरिने जानकारी गराइन्छ।

लक्ष्मी प्रसाद पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत